निर्णयहरू:-

१. COVID-19 को परीक्षण हेटौडामा शुरू भएको जानकारी बैठकमा गराइयो ।

२. सबै स्थानीय तहका वडाहरूमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्न स्वास्थ्य कार्यालय, मकवानपुरले स्थानीय तहहरूसँग आवश्यक समन्वय गर्ने ।

३. विभिन्न व्यक्ति तथा संघसंस्थाहरूबाट हुने राहत वितरणलाई मापदण्ड अनुसार व्यवस्थापन गर्न जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर मार्फत सबै स्थानीय तहलाई जानकारी गराउने ।

४. राहत वितरणको कार्य आफूखुसी नगरी सम्बन्धित स्थानीय तहहसँग सम्पर्क गरी स्थानीय तहमा त्यस्तो राहत बुझाउन सम्बन्धित सबैलाई अनुरोध गर्ने र स्थानीय तहले आम्दानी खर्चको दैनिक विवरण अध्यावधिक गरी सार्वजनिक गर्ने र सो विवरण जिल्ला समन्वय समितिको कार्यालयमा, मकवानपुरमा समेत पठाउने ।

५. COVID-19 को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारद्वारा घोषित लकडाउनको अवधिभर सुरक्षा नियकाहरूद्वारा लकडाउनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न, गराउन परिचालन गरिएका सवारी साधनहरूलाई आवश्यक पर्ने थप ईन्धनका लागि जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरमा स्थापना गरिएको कोरोना नियन्त्रण आकस्मिक कोषबाट खर्च हुने गरी आवश्यक व्यवस्थापनका लागि जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरलाई अनुरोध गर्ने ।

६. भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report देहाय बमोजिम रहेको व्यहोरा बैठकमा अवगत गराइयो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरूको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report को विवरण (मिति २०७६-१२-२९ सम्मको)

| क्र.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या | प्रारम्भिक Screening गरिएकाहरूको स्वास्थ्य अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | क्वारेन्टाइन तथा Isolation मा रहेकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हेटौंडा उ.म.न.पा. | १८४ | १८४ | सामान्य रहेको | - हेटौंडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको।<br>- ४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | १जना Isolation मा रहेको | ५ जना Isolation मा रहेकोमा ४ जना डिस्चार्ज भई होम क्वारेन्टाइनमा रहेको । २ जना क्वारेन्टाइनबाट डिस्चार्ज भई होम क्वारेन्टाइनमा रहेको । |
| २. | थाहा न.पा. | ८२ | ८२ | सामान्य रहेको | ओम रिसोर्टमा २५ कोठामा क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ३. | कैलाश गा.पा. | ६ | ६ | सामान्य रहेको | ५ बेडको क्वारेन्टाइन | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ५. | भिमफेदी गा.पा. | १४ | १४ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ६. | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य रहेको | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाइएको । | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ७. | राक्सीराङ गा.पा. | ७ | ७ | सामान्य रहेको | २ बेडको क्वारेन्टाइन | होम क्वारेन्टाइनमा रहेको | |
| ८. | मकवानपुरगढी गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको र १२ बेडको क्वारेन्टाइन रहेको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| १०. | बागमती गा.पा. | २४ | २४ | सामान्य रहेको | ५० बेडको क्वारेन्टाइन | ४ जना क्वारेन्टाइनमा | |
| | **जम्मा** | ४१९ | ४१९ | | **क्वारेन्टाइन बेड संख्या:- २१९**<br>**Isolation Bed संख्या:- ३४**<br>**ICU संख्या:- ४** | **क्वारेन्टाइनमा रहेका:- ४**<br>**Isolation मा रहेका:- १** | |

**अन्य विवरण:-**

१. लायन्स क्लवबाट श्रमिक मा.वि. मा स्थापना गरिएको Isolation Ward लाई ८ थान PPE र ४० थान स्यानीटाइजर प्रदान गरिएको ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

२०७६।१२।२९

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी